# सोताङ गाउँपालिकाका कर्मचारीहरुको
# तह वृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको
# कार्यविधि, २०८०

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति:

२०८०/०३/१०

सोताङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सोताङ,सोलुखुम्बु

सोताङ गाउँपालिकाका

**कर्मचारीहरुको तह वृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको कार्यविधि, २०८०**

कोशी प्रदेश सरकारबाट जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८०" मा गरिएको तह वृद्धि सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

सोही अध्यादेशको दफा १५४ ले दिएको अधिकार प्रयोग गरी सोताङ गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम "कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "अख्तियारवाला" भन्नाले स्थानीय सेवामा नियुक्ति, पदस्थापना र अवकाशको निर्णय गर्ने अधिकारीलाई सम्झनु पर्दछ।

(ख) "अध्यादेश" भन्नाले कोशी प्रदेशले जारी गरेको "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८०" सम्झनु पर्दछ।

(ग) "कर्मचारी" भन्नाले स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्छ र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारी समेतलाई जनाउँछ।

(घ) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय, सोताङ सम्झनु पर्दछ।

(ङ) "तह वृद्धि" भन्नाले अध्यादेशको दफा ८ (१४) र (१६) बमोजिमका कर्मचारीहरुको एक पटकका लागि एक तह वृद्धि गर्ने कार्यलाई सम्झनुपर्छ।

(च) "परिवार" भन्नाले कर्मचारीसँग बस्ने तथा निज आफैंले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु वा सौतेलो बाबु वा धर्म बाबु, आमा वा सौतेनी आमा वा धर्म आमा, बाजे, बज्यै तथा सासू, ससुरालाई समेत सम्झनु पर्दछ।

(छ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्दछ।

(ज) "प्रदेश किताबखाना" भन्नाले प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका कर्मचारीको अभिलेख राख्ने प्रयोजनको लागि मन्त्रालय अन्तर्गत रहेको शाखा सम्झनु पर्छ।

(झ) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग सम्झनु पर्दछ (ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ट) "मन्त्रालय" भन्नाले कोशी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ।

(ठ) "समायोजन ऐन" भन्नाले कर्माचारी समायोजन ऐन, २०७५ सम्झनु पर्दछ।

(ड) "स्थानीय सेवा" भन्नाले अध्यादेशको दफा ३ बमोजिम स्थानीय तहमा रहने स्थानीय सेवा सम्झनु पर्छ।

(ढ) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डी.भी.), पर्मानेन्ट रेजिडेन्ट भिसा (पी. आर.) वा ग्रीन कार्ड, आधार कार्ड वा विदेशी मुलुकको मतदाता नामावली कार्ड सम्झनु पर्छ र सो शब्दले विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

(ण) "स्थायी पद" भनाले निवृत्तभरण वा योगदानमूलक निवृतभरण वा उपदान पाउने र म्याद नतोकिएको स्थानीय सेवाको पद सम्झनु पर्दछ।

३. **सूचना प्रकाशन गर्ने:** (१) स्थानीय सेवामा कार्यरत कर्मचारीको तह बृद्धि गर्दा वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पूरा भएका, पछिल्लो तीन बर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका

सोताङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सोताङ, सोलुखुम्बु कोशी प्रदेश, नेपाल

४.**सिफारिस समितिः** अध्यदेशको दफा २८ बमोजिम कर्मचारीको तह बृद्धिका लागि सिफारिस गर्न अध्यादेशको दफा २८ (३) वमोजिम एक सिफारिस समिति हुनेछ ।

५.**आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधिः** (१) यस कार्यविधिको दफा ३ बमोजिम तह वृद्धिका लागि कार्यविधिको दफा ३ को उपदफा (१) बमोजिमको योग्यता हुनुपर्नेछ ।

(२) यस दफाको उपदफा (१) तथा कार्यविधिको दफा ६ को उपदफा (२) बमोजिम तह बृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको माघ एक गते र श्रावण एक गतेबाट ज्येष्ठता कायम हुने गरी प्रमुख प्रशासकीय अधिकृतले तह बृद्धिको निर्णय गर्नु पर्नेछ । सो प्रयोजनको लागि ३० दिनको समय दिई गाउँपालिकाको सूचना पाटी र वेवसाईटमा सूचना प्रकाशन गरिनेछ । तह वृद्धिका लागि योग्य उम्मेदवारले अनुसूची - १ वमोजिमको ढाँचामा कागजात संलग्न गरी कार्यालयमा निवेदन दर्ता गराउनु पर्नेछ ।

(३) तह वृद्धि हुँदा त्यस्तो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह वृद्धि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साबिककै तहमा कायम हुनेछ ।

(४) उपदफा (१) बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाइपाई आएको तलब भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ ।

(५) उपदफा (१) बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिनभित्र प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोक सेवा आयोगलाई दिनु पर्नेछ ।

सिंफारिस समितिः अध्यदेशको दफा २८ बमोजिम कर्मचारीको तह बृद्धिका लागि सिफारिस गर्न अध्यादेशको दफा २८ (३) वमोजिम एक सिफारिस समिति हुनेछ ।

आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधिः (१) यस कार्यविधिको दफा ३ बमोजिम तह वृद्धिका लागि कार्यविधिको दफा ३ को उपदफा (१) बमोजिमको योग्यता हुनुपर्नेछ ।

(२) अध्यादेशको दफा (८) को उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन तथा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा हुने पदहरुमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुने तल्लो पदमा सेवाकालीन तालिम लिएका र पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा कम्तीमा नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र विज्ञापन हुनुभन्दा अघिको असार मसान्तसम्ममा देहाय बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनु पर्नेछ ।

श्री दिवान राई
निमित्त प्रमुख प्रशासकीय अधिकृत

सोताङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सोताङ, सोलुखुम्बु
कोशी प्रदेश,नेपाल

तपसिल

| बढुवा हुने पद | बढुवा हुन लाग्ने सेवा अवधि | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|
| | | स्वास्थ्य सेवा बाहेकका अन्य सेवा | प्रदेश स्वास्थ्य सेवा |
| अधिकृत एघारौं | अधिकृत दशौं तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| अधिकृत नवौं | अधिकृत आठौं तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| अधिकृत सातौं | अधिकृत छैटौं तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| सहायक पाँचौं | सहायक चौथौं तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

६. तह वृद्धि सम्बन्धी विशेष व्यवस्था: (१) अध्यदेशको दफा ८ को उपदफा (१४) बमोजिमको तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्तिपत्र दिइनेछ ।

गाउँ कार्यपालिकाको कार्यालय
सोताङ, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

(२) अध्यादेशको दफा (८) को (१६) बमोजिम निजामती सेवा बाहेक अन्य सेवाबाट स्थानीय तहमा समान पदमा समायोजन भई सेवा अवधि ५ वर्ष पूरा गरेका पाँचौ, सातौ र नवौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा (२८) को प्रक्रिया पूरा गरी क्रमश छैटौं, आठौं र दशौं तहमा एक तह वृद्धि गरिनेछ ।

(३) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम बमोजिम अधिकृत स्तर सातौ र नवौं तहका पदहरुमा दफा २९ को प्रक्रिया पूरा गरी अध्यादेशमा तोकिए बमोजिमको बढुवा समितिले बढुवा गर्नेछ ।

(४) संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरिदिनेछ ।

यसरी सातौं तह कायम गर्नुपूर्व संगठन तथा व्यवस्थपन सर्वेक्षण गरी वा विद्यमान स्वीकृत संगठन संरचना तथा दरबन्दी अनुसार हुनेछ ।

(५) अध्यादेशको ४ को उपदफा (५) बमोजिमको तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिइनेछ ।

(६) उपदफा (१) र (४) बमोजिम तह वृद्धि हुने कर्मचारीबाट अनुसूची-१ बमोजिमको निवेदन प्राप्त भएमा निवेदन दर्ता भएको मितिले १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय गरी तहवृद्धिको पत्र दिईनेछ ।

(७) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्था: कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुनेछ । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह वृद्धि गरिनेछ ।

७.जेष्ठता कायम: तह वृद्धि हुने कर्मचारीको अध्यादेशको दफा २८ को उपदफा (२) बमोजिम प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रावण १ गतेबाट जेष्ठता कायम हुनेछ ।

८.बाधा अडकाउ फुकाउने: कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकामा रहनेछ ।

९. बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने वा तह वृद्धि गर्न नहुने: स्थानीय तहको कर्मचारी देहायको अवस्थामा देहायको अवधिभर बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन र उक्त अवधिभर निजको तह वृद्धि समेत रोक्का गरिनेछ ।

(१) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(२) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(३) तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

(४) अध्यादेशको दफा ४२ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन बर्षको अवधिभर

(५) असाधारण बिदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

(६) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए निलम्बनको अवधि

१०. जानकारी दिनु पर्ने: यस कार्यविधि बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिनभित्र प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोक सेवा आयोगलाई दिनु पर्नेछ।

११. उजुरी / गुनासो: तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र प्रदेश लोक सेवा आयोगमा उजुरी / गुनासो गर्न सकिनेछ।

१२. प्रचलित कानुन बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

श्री इन्द्र राई
निमित्त प्रमुख प्रशासकीय अधिकृत

सोताङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सोताङ, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र तह वृद्धि गर्न कार्यालयले सूचना प्रकाशन गर्नेछ ।

**तपसिल**

| क्र.स. | हालको तह | तह बृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १. | पाँचौ | छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रविणता प्रमाण पत्र तह वा कक्षा १२ उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २. | सातौ | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३. | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

(२) यस दफाको उपदफा (१) तथा कार्यविधिको दफा ६ को उपदफा (२) बमोजिम तह बृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको माघ एक गते र श्रावण एक गतेबाट ज्येष्ठता कायम हुने गरी प्रमुख प्रशासकीय अधिकृतले तह बृद्धिको निर्णय गर्नु पर्नेछ । सो प्रयोजनको लागि ३० दिनको समय दिई गाउँपालिकाको सूचना पाटी र वेवसाईटमा सूचना प्रकाशन गरिनेछ । तह वृद्धिका लागि योग्य उम्मेदवारले अनुसूची - १ वमोजिमको ढाँचामा कागजात संलग्न गरी कार्यालयमा निवेदन दर्ता गराउनु पर्नेछ ।

(३) तह वृद्धि हुँदा त्यस्तो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह वृद्धि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साबिककै तहमा कायम हुनेछ ।

(४) उपदफा (१) बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाइपाई आएको तलब भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ ।

(५) उपदफा(१) बमोजिम गरिएको तह बृदिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिनभित्र प्रदेश किताबखाना,मन्त्रालय र प्रदेश लोक सेवा आयोगलाई दिनु पर्नेछ।

अनुसूची-२

सोताङ गाउँपालिकाका कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० को

दफा ३, ५ र ६ सँग सम्बन्धित

**तह वृद्धि / बढवा पत्रको ढाँचा**

पत्र संख्या: कोशी प्रदेश, नेपाल

चलानी नम्बर: मिति:

विषयः बढुवा/तह वृद्धि सम्बन्धमा ।

महाशय,

स्थानीय सेवाको (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा....................,सोताङ गाउँपालिकाका कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० को दफा.................... र सोताङ गाउँ कार्यपालिकाको मिति ..... ..........को निर्णयानुसार .................... देखि जेष्ठता कायम हुने गरी तपाईलाई देहाय बमोजिमको तहमा तह वृद्धि / बढुवा गरिएको छ। तह वृद्धि / बढुवा भएको पदको लागि तोकिएको जिम्मेवारी प्रचलित कानूनको अधिनमा रही जवाफदेही र इमानदारीपूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

तह वृद्धि/बढुवा भएकोमा हार्दिक बधाई छ ।

| हालको विवरण | तह वृद्धि/बढुवा भएको विवरण |
|---|---|
| पदः<br>श्रेणी/तहः<br>सेवा/समूह/उपसमूहः | पदः<br>श्रेणी/तहः<br>सेवा/समूह/उपसमूहः |

श्री............................ ............................

क.सं.नं.............. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री सङ्घीय मामिला तथा सामान्या प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौ ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर काठमाण्डौ ।

श्री कर्मचारी सञ्चयकोष, त्रिदेवी मार्ग, ठमेल काठमाडौं ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश विराटनगर मोरङ ।

श्री राष्ट्रिय किताबखाना ( निजामती) पुल्चोक ललितपुर ।

श्री प्रदेश लोक सेवा आयोग, विराटनगर मोरङ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,सोलुखुम्बु ।

श्री आर्थिक प्रशासन शाखा, सोताङ गाउँपालिका ।

अनुसूची-१

सोताङ गाउँपालिकाका कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० को

दफा ३(२) र दफा ६ ( ६ ) सँग सम्बन्धित

निवेदन ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

गाउँ कार्यपालिकाको कार्यालय,

सोताङ,सोलुखुम्बु ।

विषयः तह वृद्धि गरी पाउँ ।

प्रस्तुत विषयमा म निवेदक श्री .......... स्थानीय तहको सहायक चौथों तहको पदमा / निजामती सेवा वाहेक अन्य सेवाबाट समान पदमा / सङ्घीय लोक सेवा आयोगको सिफारिसमा स्थानीय तहको छैटौं तहको पदमा/चौथो तहको ...........................पदमा मिति ................ मा यस कार्यालयमा नियुक्ति/समायोजन भई आएको र कोशी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यदेश, २०८० जारी जारी हुँदाका बखतसम्म तह वृद्धि नभएकाले सोही अध्यदेशको दफा ...................एवम् **सोताङ गाउँपालिकाका कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यबिधि, २०८०** को दफा...........बमोजिम आवश्यक कागजात संलग्न राखी तह वृद्धि गरी पाउँ भनी निवेदन पेश गरेको छु।

निवेदनका साथ पेश गरिएका कागजातहरुः

१. लोकसेवा आयोगको सिफारिस पत्र

२. नियुक्ति पत्र / समायोजन पत्र

निवेदक

कर्मचारीको नाम,थरः..........................................

क.सं.नं.:.....................................................

समायोज/नियुक्तिः.........................................

हालको पदः.................................................

श्रेणी/तहः...................................................

सेवा/समूह/उपसमूहः..................................